# अख्तियार दुरूपयोग अनुसन्धान आयोग
**Commission for the Investigation of Abuse of Authority**
भ्रष्टाचार विरूद्धको सहकार्य : सुशासनका लागि अपरिहार्य


## भ्रष्टाचार नियन्त्रण तथा सुशासन प्रवर्द्धन सम्बन्धी नारा उपलब्ध गराइदिने सम्बन्धी सूचना

(प्रकाशित मिति २०७९/०९/१८)

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको ३२औं स्थापना दिवस (२०७९ माघ २८) को उपलक्ष्यमा **भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धन** सम्बन्धी नारा (Slogan) संकलन गरी उत्कृष्ट नाराहरुलाई पुरस्कृत गर्ने कार्यक्रम रहेको हुँदा मौलिक तथा सन्देशमूलक नारा सिर्जना गरी (http://bit.ly/3UH0Scg) लिङ्क वा क्यु आर कोड मार्फत वा इमेल ठेगाना info@ciaa.gov.np मा मिति २०७९ माघ ०६ गते बेलुका ४:०० बजे सम्ममा उपलब्ध गराई दिनुहुन यो सूचना प्रकाशित गरिएको छ। उत्कृष्ट नारा पठाउने १० (दश) जना व्यक्तिहरुलाई पुरस्कार स्वरुप जनही नगद रु. २००० (दुई हजार रुपैयाँ मात्र) र उत्कृष्टमध्येबाट १ (एक) जनालाई सर्वोत्कृष्ट पुरस्कार स्वरुप नगद थप रु. ३,००० सहित जम्मा रु ५,०००।- (पाँचहजार रुपैयाँ मात्र) बैंक खातामा उपलब्ध गराइनेछ। सर्वोत्कृष्ट नारालाई आयोगले विभिन्न प्रवर्द्धनात्मक कार्यक्रमहरुमा प्रयोग गर्नेछ। प्रतियोगीलाई प्रतियोगितासम्बन्धी अन्य कुनै जिज्ञासा भएमा वा सहभागी हुने सवालमा कुनै समस्या भएमा ०१-५२६२२४५/०१-५२६२२५४/९८४३०८५९०१/९८५१२३७६३० नम्बरमा सम्पर्क गर्न सकिनेछ।

इमेल मार्फत नारा पठाउँदा तपसिल बमोजिम गर्नुहुन अनुरोध गरिन्छ।

**::तपसिल::**

नारा सम्बन्धी विवरण

विषयवस्तुः- भ्रष्टाचार नियन्त्रण तथा सुशासन प्रवर्द्धन गर्न सहयोग पुऱ्याउने सन्देशमूलक नारा हुनु पर्नेछ। *(द्रष्टव्यः नारा मौलिक र अप्रकाशित हुनुपर्नेछ )*

भाषाः- नेपाली भाषामा लेखिएको हुनु पर्नेछ।

व्याख्याः- नाराले दिन खोजेको सन्देशको छोटकरीमा व्याख्या समेत गरेको हुनु पर्नेछ।

इमेल पठाउँदा उल्लेख गर्नुपर्ने विवरणहरु

| | |
|---|---|
| नाराः- | लिंगः- |
| नाराको संक्षिप्त व्याख्याः- | स्थायी ठेगानाः- |
| नारा पठाउने व्यक्तिको पुरा नामः- | हालको बसोबासको ठेगानाः- |
| जन्म मितिः- | मोबाइल नम्बरः- |